# फिक्कल गाउँपालिका
## Phikkal Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- ०८३/८४
च.नं. (Dispatch) :-

कृषि तथा पशुपन्छी विकास शाखा

**कृषकहरूलाई सुधारिएको खोरगोठ प्रवर्द्धन तथा आवश्यक सामग्री वितरण कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धमा।**

पहिलो पटक सूचना प्रकाशित मितिः-२०८३/०४/२२

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८३/८४ को बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत **कृषकहरूलाई सुधारिएको खोर गोठ प्रवर्द्धन तथा आवश्यक सामग्री वितरण कार्यक्रम** रहेको हुँदा, इच्छुक व्यक्तिहरूले तपसिल बमोजिमका कागजात सहित सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ औ दिन भित्रमा आवेदन पेश गर्नुहुन सूचित गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी आएका आवेदनहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गरिन्छ।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम अन्तर्गत गर्नुपर्ने क्रियाकलाप | अनुदान रकम अधिकतम (रु) | वडा अनुसार सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषकहरूलाई सुधारिएको खोर गोठ प्रवर्द्धन तथा आवश्यक सामग्री वितरण कार्यक्रम | गाई भैसीको गोठ खोर निर्माण/सुधार | रु १००००/- | वडा न १,४, ६:- (प्रति वडा ३० मात्र) जम्माः ९० वाट | कार्यक्रम सञ्चालन गाईभैंसी गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अनुसार हुनेछ। |

पेश गर्नु पर्ने कागजात / शर्तहरु:

१.आफुले पाल्दै आएको गाई/भैसी संख्या खुलाउने आवेदन पत्र।

२.नेपाली नागरिकताको प्रतिलिपि।

३.बैंक खाताको विवरण/चेकको प्रतिलिपि।

नोटः आवेदन पत्र वडा कार्यालय मार्फत प्राप्त गर्न सकिनेछ।

२०८३/४/२२
इम्बर बहादुर रजन मगर
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः

श्री ६ वटै वडा कार्यालयः सूचना सम्प्रेषण गरी सहजीकरण गर्नुहुन।

# आवेदन फाराम

मिति :२०८३/

श्रीमान वडा अध्यक्षज्यू,
फिक्कल गाउँपालिका वडा न……. सिन्धुली ।

विषय : कृषकहरूलाई सुधारिएको खोर गोठ प्रवर्द्धन तथा आवश्यक सामग्री वितरण कार्यक्रममा समावेश हुन पाउँ सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा फिक्कल गाउँपालिका सिन्धुलीबाट मिति २०८३/……….. मा प्रकाशित सूचना अनुसार **कृषकहरूलाई सुधारिएको खोर गोठ प्रवर्द्धन तथा आवश्यक सामग्री वितरण कार्यक्रममा** समावेश हुनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसै साथ संलग्न गरी यो आवेदन पेश गरेको छु। यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझेसम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारबाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

**पाल्दै आएको पशुको संख्याः** गाई ……………………….भैसीको …………………

संलग्न कागजातहरुः
१. आवेदन पत्र ।
२.नागरिकताको प्रतिलिपि।
३.बैंक खाताको विवरण/चेकको प्रतिलिपि।

निवेदक
आवेदको नामः
ठेगानाः
हस्ताक्षरः
सम्पर्क नंः